# प्रेस विज्ञप्ती

उपरोक्त सम्बन्धमा यस माईजोगमाई गाँउपालिकाको स्थानीय सरकार, स्थानीय सरकार प्रमुख एवं कार्यालयसँग सम्बन्धित् रहेको विषयको सम्बन्धमा स्थानीय सञ्चार माध्यम रेडियो वुद्धवाणी इलामले मिति २०७६ मंसिर १९ को radiobuddhabani.com.np मा प्रकाशित अनलाइन पत्रिका खवरमा यस गाँउपालिकाको निर्णयमा नभएका विषयहरु समावेस गरी हुँदै नभएको विषयको अस्वभाविक शिर्षक राखि स्थानीय सरकार एवं स्थानीय सरकार प्रमुखको मानमर्दन हुने किसिमले सूचना सम्प्रेषण गरिएको विषयप्रति यस गाँउपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ । गाउँपालिकाको अध्यक्ष राइले गल्ती स्वीकार गरेको भन्ने समाचार सम्प्रेषण गरिएको छ । तर यर्थाथमा कसैले कसैको गल्तीको कुरा नगरेको वरु आपसी छलफल समन्वय र सहमती भएको थियो छलफल गरेर समन्वयकारी कुरा गर्नु, समझदारी देखाउनु भनेको गल्ती स्वीकार्नु होइन र सो दिनको कार्यपालिकाको वैठकमा लेखिएको कुरा पनि त्यहि हो ।

यस गाँउपालिकाको स्थानीय सरकार एवं स्थानीय सरकार प्रमुखको मानमर्दन गर्ने उदेश्यले आफूखुशी सम्प्रेषण गरिएको यस प्रकारको निराधार र तथ्यहिन सो समाचारप्रति यस माइजोगमाई गाँउपालिका दु:ख समेत व्यक्त गर्दछ । साथै गाँउपालिकाको गतिविधि तथा निर्णयहरुको विषयमा समाचार सम्प्रेषण गर्दा गाँउपालिकाको प्रवक्ता तथा सूचना अधिकारीवाट आधिकारीक सूचना प्राप्त गरी सत्य तथ्य सूचना मात्र सम्प्रेषण गर्न हुन सम्बन्धित सञ्चार संस्था तथा सञ्चारकर्मीहरुको ध्यानाकर्षण समेत गराउन चाहान्छौं ।

०७६।८।२२

प्रवक्ता
याम कार्की
माईजोगमाई गाँउपालिकाको कार्यालय, इलाम
२०७६ मंसिर २२ गते ।